# नेपाल सरकार

## अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

## विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिबृद्धि कर फिर्ता दिने सम्बन्धी कार्यप्रक्रिया, २०७६

**प्रस्तावना**

उपभोक्ताले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिद मूल्य प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको मूल्य अभिबृद्धि करको दश प्रतिशतले हुने रकम निजको बैंक खाता वा खातामा फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्न मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१ख) को अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागबाट यो कार्यप्रक्रिया जारी गरिएको छ ।

### परिच्छेद –१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यप्रक्रियाको नाम "विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता दिने सम्बन्धी कार्यप्रक्रिया, २०७६" रहेको छ ।

(ख) यो कार्यप्रक्रिया मिति २०७६ पौष २५ गतेदेखि लागू हुनेछ ।

### परिच्छेद –२

### परिभाषा

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यप्रक्रियामा

(क) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनुपर्दछ ।

(ख) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनुपर्दछ ।

(ग) "नियमावली" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ सम्झनुपर्दछ ।

(घ) "कर" भन्नाले मूल्य अभिबृद्धि कर सम्झनुपर्दछ ।

(ङ) "बिक्रेता" भन्नाले मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका करदाता सम्झनुपर्दछ ।

(च) "कर अवधि" भन्नाले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम करदाताले कर विवरण पेश गर्नुपर्ने अवधि सम्झनुपर्दछ ।

(छ) "कार्यालय" भन्नाले विभाग मातहत रहेका ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयलाई सम्झनुपर्दछ ।

(ज) "केन्द्रीय बीजक अनुगमन प्रणाली (Central Billing Monitoring System)" भन्नाले आन्तरिक राजस्व विभागले संचालन गरेको केन्द्रीय बीजक अनुगमन प्रणालीलाई सम्झनुपर्दछ ।

(झ) "विद्युतीय बीजक सम्बन्धी सफ्टवेयर" भन्नाले विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४ (संशोधन सहित) बमोजिम विभागमा सूचीकृत भएका सफ्टवेयर सम्झनुपर्दछ ।

(ञ) "विद्युतीय बीजक" भन्नाले विद्युतीय बीजक सम्बन्धी सफ्टवेयर मार्फत जारी हुने कर बीजकलाई सम्झनुपर्दछ ।

(ट) "भुक्तानी प्रणाली संचालक" भन्नाले नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त गरेको भुक्तानी सम्बन्धी कार्यको सञ्चालन, व्यवस्थापन र समाशोधनको कार्य गर्ने संस्था सम्झनुपर्दछ र सो शब्दले समाशोधन गृह, विद्युतीय कार्ड वा अन्य विद्युतीय (अनलाईन) भुक्तानी सञ्जाल संचालन गर्ने संस्थालाई समेत जनाउँदछ ।

(ठ)"भुक्तानी सेवा प्रदायक" भन्नाले नेपाल राष्ट्र बैकबाट अनुमितप्राप्त गरेको सेवाग्राहीलाई भुक्तानी सम्बन्धी सेवा दिने संस्था सम्झनुपर्दछ र सो शब्दले संस्था र सेवाग्राही बीचमा वस्तु, सेवा, सम्पत्ति वा अन्य दायित्व बापतको रकम भुक्तानी गर्ने, स्वदेश तथा विदेशमा रकम स्थानान्तरण (ट्रान्सफर) गर्ने वा विद्युतीय माध्यबाट भुक्तानी कारोबार सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ ।

(ड) "विद्युतीय भुक्तानी सम्बन्धी उपकरण" भन्नाले विद्युतीय बैंकिङ्ग, भुक्तानी कार्ड, अन्तर बैंक भुक्तानी, इ-मनि र मोबाईल बैंकिङ्ग र यस्तै प्रकृतिका भुक्तानी उपकरणलाई सम्झनुपर्दछ ।

(ढ) "बैंक खाता" भन्नाले उपभोक्ताको बैंक वा वित्तीय संस्थामा रहेको खाता सम्झनुपर्दछ र शब्दले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१ख) को व्यवस्था कार्यान्वयन गर्न विद्युतीय माध्यमबाट भुक्तानी सञ्जाल संचालन गर्ने भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकमा रहेको उपभोक्ताको खाता समेतलाई जनाउँदछ ।

(ण) "उपभोक्ता" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१ख) को प्रयोजनको लागि व्यवसायिक खरिदबाहेक व्यक्तिगत उपभोगको लागि वस्तु वा सेवा खरिद गरी विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्राकृतिक व्यक्ति (Natural Person) लाई सम्झनुपर्दछ ।

## परिच्छेद-३

## विद्युतीय माध्यमबाट भुक्तानीमा उपभोक्तालाई कर फिर्ता सम्बन्धी व्यवस्था

३. **उपभोक्तालाई मूल्य अभिबृद्धि कर फिर्ता गर्ने कार्यप्रक्रिया**ः कर लाग्ने वस्तु वा सेवा खरिद गरी विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई कर फिर्ता गर्न देहाय बमोजिमको कार्यप्रक्रिया निर्धारण गरिएको छः

(क) बिक्रेताले कर लाग्ने वस्तु वा सेवा आपूर्ति गर्दा नियमावलीमा उल्लिखित कर बीजकको ढाँचामा विद्युतीय बीजक सिर्जना गर्नु पर्नेछ ।

(ख) उपभोक्ताले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने तरिका छनौट गर्नु पर्नेछ ।

(ग) उपभोक्ताले विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट बिक्रेतालाई भुक्तानी गरेपछि माथि खण्ड (क) बमोजिम सिर्जना भएको कर बीजकमा उल्लिखित विवरणका अतिरिक्त उपभोक्ताले तिर्ने मूल्य अभिवृद्धि करको दश प्रतिशतले हुने रकम समेत देखिने गरी बिक्रेताले विद्युतीय बीजक जारी गर्नु पर्नेछ ।

(घ) उपभोक्ताले विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट बिक्रेताको बैंक खातामा भुक्तानी गरी सकेपछि भुक्तानी भएको कर रकमको दश प्रतिशतले हुने रकम (रु एकले पूर्ण भाग जाने रकम) स्वःचालितरुपमा बिक्रेताको बैंक खाताबाट उपभोक्ताको बैंक खातामा फिर्ता गर्नु पर्नेछ ।

(ङ) उपभोक्ताले विधुतीय माध्यमवाट भुक्तानी गरेको कर तथा बिक्रेताले उपभोक्ताको बैंक खातामा फिर्ता गरेको कर रकमको विवरण विभागको एकीकृत कर प्रणालीमा स्वःचालितरुपले प्राप्त हुनेछ ।

(च) उपभोक्तालाई फिर्ता गरेको कर रकम बिक्रेताले कर विवरण मार्फत हिसाब मिलान गर्नु पर्नेछ ।

४. **बिक्रेताले गर्नु पर्ने कार्य** : कर लाग्ने वस्तु वा सेवा खरिद गरी विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता गर्न बिक्रेताले देहाय बमोजिमको कार्य गर्नु पर्नेछः

(क) विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४(संशोधन सहित) बमोजिम विभागमा सूचीकृत गरिएको विद्युतीय बीजक सम्बन्धी सफ्टवेयर प्रयोग गरी बीजक जारी गर्नु पर्नेछ ।

(ख) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी प्राप्त गर्ने र फिर्ता गर्ने गरी भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकसँग विद्युतीय माध्मयबाट आबद्ध हुनु पर्नेछ ।

(ग) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट उपभोक्तालाई कर फिर्ता दिने प्रयोजनको लागि विभाग समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र उक्त निवेदन विभागको एकीकृत कर प्रणालीमार्फत पेश गर्नु पर्नेछ ।

(घ) कर लाग्ने वस्तु वा सेवा आपूर्ति गर्दा उपभोक्ताले विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने तरिका छनौट गरेपछि अनुसूची २ बमोजिमको विवरण भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकलाई नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मापदण्ड अनुसार स्वःचालित रुपमा पठाउनु पर्नेछ ।

(ङ) कर लाग्ने वस्तु वा सेवा आपूर्ति गरी आफ्नो बैंक खातामा भुक्तानी प्राप्त गर्ने, भुक्तानी प्राप्त भएपछि आफ्नो बैंक खाताबाट स्वःचालितरुपमा कर रकम उपभोक्तालाई फिर्ता गर्ने तथा यसरी कर फिर्ता गर्दा त्यस्तो कारोबार, उपभोक्ताको विवरण र फिर्ता हुने रकमको यकीन गर्नु पर्नेछ ।

(च) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट उपभोक्ताको खातामा फिर्ता गरेको कर रकम प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा उक्त कर विवरणको अन्य थपघट महलको क्रेडिटतर्फ उल्लेख गर्नु पर्नेछ ।

(छ) विद्युतीय बीजक सम्बन्धी सफ्टवेयरबाट अनुसूची २ मा उल्लिखित विवरण विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली वा विभागले तोकेको अन्य प्रणालीमा महिना समाप्त भएको २५ दिनभित्र विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

(ज) आफ्नो कारोबारस्थलमा विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता हुने सुविधा रहेको जानकारी सार्वजनिक गर्नु पर्नेछ ।

५. **भुक्तानी प्रणाली संचालक र भुक्तानी सेवा प्रदायकले गर्नु पर्ने कार्य** : भुक्तानी प्रणाली संचालक (Payment System Operator) वा भुक्तानी सेवा प्रदायक (Payment Service Provider) ले विद्युतीय भुक्तानी सम्बन्धी

उपकरणका माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता गर्न देहाय बमोजिमको कार्य गर्नु पर्नेछः

(क) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट उपभोक्तालाई कर फिर्ता दिने प्रयोजनको लागि विभाग समक्ष अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र उक्त निवेदन विभागको एकीकृत कर प्रणालीमार्फत पेश गर्नु पर्नेछ ।

(ख) बिक्रेताबाट अनुसूची २ बमोजिमको विवरण स्वःचालित रुपमा प्राप्त भएपछि उपभोक्ताको बैंक खाताबाट बिक्रेताको बैंक खातामा रकम जम्मा गर्ने र मूल्य अभिबृद्धि कर रकमको दश प्रतिशतले हुने रकम पुनः बिक्रेताको बैंक खाताबाट उपभोक्ताको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

(ग) माथि खण्ड (ख) बमोजिम बिक्रेता र उपभोक्ताको खातामा रकम आदान प्रदान गरेपछि प्रत्येक कारोबारको अनुसूची ४ मा उल्लिखित विवरणहरु विभागको प्रणालीमा कारोबार भएको दिनको भालिपल्ट स्वःचालितरुपमा पठाउनु पर्नेछ ।

(घ) माथि खण्ड (ख) बमोजिम कर फिर्ता भएपछि कर फिर्ता रकम र कारोबार संकेत नम्बर सहितको विवरण बिक्रेताको विद्युतीय बीजक सम्बन्धी सफ्टवेयरमा स्वःचालितरुपमा पठाउनु पर्नेछ ।

६. **उपभोक्ताले गर्नु पर्ने कार्य :** कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको कर रकमको दश प्रतिशतले हुन आउने रकम फिर्ता प्राप्त गर्न उपभोक्ताले देहाय बमोजिमको कार्य गर्नु पर्नेछः

(क) उपभोक्ताले मूल्य अभिबृद्धि करमा दर्ता भई विद्युतीय बीजक जारी गर्ने बिक्रेताबाट कर लाग्ने वस्तु वा सेवा खरिद गर्नु पर्नेछ ।

(ख) माथि खण्ड (क) अनुसार कर रकम फिर्ता प्राप्त गर्नको लागि उपभोक्ताको खाताबाट बिक्रेताको खातामा र बिक्रेताको खाताबाट उपभोक्ताको खातामा रकम स्वःचालितरुपमा आदान प्रदान हुने गरी नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकमार्फत विद्युतीय भुक्तानी सम्बन्धी उपकरणको प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद -४

## विद्युतीय माध्यमबाट भुक्तानीमाउपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी मापदण्ड

७. विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानीमा मूल्य अभिवृद्धि करको दश प्रतिशत हुन आउने रकम फिर्ता गर्न तपसील बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछः

(क) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी हुने कारोबारको न्यूनतम सीमा कर लाग्ने कारोबार रु. एक हजार र अधिकतम सीमा रु. एक लाख हुनेछ ।

(ख) बिक्रेता तथा भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकले बीजक सम्बन्धी विवरण, भुक्तानी सम्बन्धी विवरण तथा मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी विवरण एवम् प्रणालीमा हुने क्रियाकलापहरुको लग (एक्टिभिटि ट्रेल) स्वःचालित रुपमा सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

७. विद्युतीय माध्यमबाट भुक्तानीमा कर फिर्ता सम्बन्धी अनुगमनको व्यवस्था देहाय बमोजिम हुनेछः

(क) विभागले विद्युतीय माध्यमबाट भुक्तानीमा मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न बिक्रेताले प्रयोग गरेको विद्युतीय बीजक सम्बन्धी सफ्टवेयर प्रणालीको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(ख) विभागले विद्युतीय माध्यमबाट हुने भुक्तानीमा मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने सिलसिलामा भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकलाई आवधिक रुपमा वा जुनसुकै बखत बैंक खाताको विवरण उपलब्ध गराउन र आवश्यक निर्देशन दिन सक्नेछ ।

(ग) विभागले विद्युतीय माध्यमबाट हुने भुक्तानीमा मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने सिलसिलामा बिक्रेताको विद्युतीय बीजक सम्बन्धी प्रणालीको छानबिन गर्न र कारोबारस्थलमा आकस्मिक अनुगमन गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

८. नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेको कारोबार क्षेत्र तथा कारोबार सीमाको अधीनमा रही विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई कर फिर्ता गरिनेछ ।

९. खारेजी र बचाउ

(क) यस कार्यप्रक्रियामा उल्लेखित विषयहरु सम्बन्धित ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(ख) यस कार्यप्रक्रियाको कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा विभागले त्यस्तो बाधा अड्काउ फुकाउन वा यस कार्यप्रक्रियाको संसोधन वा व्याख्या गर्न सक्नेछ ।

## अनुसूची १

## (कार्य प्रक्रिया ४(ग) सँग सम्बन्धित)

## (बिक्रेताले उपभोक्तालाई कर फिर्ता दिने प्रयोजनको लागि विभाग समक्ष दिनु पर्ने निवेदनको ढाँचा)

श्री आन्तरिक राजस्व विभाग,

लाजिम्पाट, काठमाडौं ।

मूल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा खरिद गरी विद्युतीय भुक्तानी सम्बन्धी उपकरणमार्फत भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर रकमको दश प्रतिशतले हुने रकम फिर्ता दिने प्रयोजनको लागि मेरो\हाम्रो फर्म\कम्पनीबाट प्रयोग हुने भुक्तानी सम्बन्धी उपकरणको विवरण देहाय बमोजिम रहेको व्यहोरा पेश गर्दछु\गर्दछौं ।

करदाताको स्थायी लेखा नम्बर:
करदाताको नाम:
करदाताले प्रयोग गरेको विद्युतीय बीजक सम्बन्धी सफ्टवेयरको सूचीकृत न. :
विद्युतीय बीजक सफ्टवेयरको नाम:

Category:

- Payment Card
- E-Banking
- Mobile Banking
- Payment System Operator
- Payment Service Provider

Payment Service Name/Brand:

निवेदकको नाम:
मोबाईल:
इमेल:

# अनुसूची २

## (कार्यप्रक्रियाको ४ (घ) र ४(छ) सँग सम्बन्धित)

**(बिक्रेताले भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायक र विभागको प्रणालीमा पठाउनु पर्ने विवरण)**

बिक्रेताले प्रयोग गरेको विद्युतीय बीजक सम्बन्धी सफ्टवेयरले निम्न बमोजिमको विवरणहरु विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने सफ्टवेयरमा पठाउनु पर्नेछ।

| विवरण | Data Fields | Remarks |
|---|---|---|
| करदाताको स्थायी लेखा नम्बर | Seller PAN | |
| बीजक नम्बर | Invoice Number | |
| भुक्तानी मिति | Payment Date | |
| कुल रकम | Total Amount | |
| मूल्य अभिवृद्धि कर रकम | VAT | |
| मूल्य अभिवृद्धि करको दश प्रतिशत हुन आउने रकम | 10 Percent of VAT Amount | |
| उपभोक्ता पहिचान नं. | Customer Id | उपभोक्ता पहिचान नं. स्वेच्छिक रुपमा राख्न सक्ने |
| कारोबार संकेत नं. | Transaction Identification No. | |

## अनुसूची ३

## (कार्यप्रक्रियाको ५(क) सँग सम्बन्धित)

## (भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकले विभाग समक्ष दिनु पर्ने निवेदनको ढाँचा)

श्री आन्तरिक राजस्व विभाग,

लाजिम्पाट, काठमाडौं ।

विद्युतीय भुक्तानी सम्बन्धी उपकरणमार्फत उपभोक्तालाई मूल्य अभिवृद्धि कर रकमको दश प्रतिशत हुन आउने रकम फिर्ता दिने प्रयोजनको लागि मेरो\हाम्रो फर्म\कम्पनीबाट सञ्चालित भुक्तानी सम्बन्धी उपकरणको विवरण देहाय वमोजिम रहेको व्यहोरा पेश गर्दछु\गर्दछौं ।

करदाताको स्थायी लेखा नम्बरः
करदाताको नामः
Category:

- ○ Payment Card
- ○ E-Banking
- ○ Mobile Banking
- ○ Payment System Operator
- ○ Payment Service Provider

Payment Service Name/Brand:
Upload Nepal Rastra Bank License (For non-Banking and non-Finance Institution only):
NRB License No.:
NRB License Date:

निवेदकको नामः
मोबाईलः
इमेलः

## अनुसूची ४

### (कार्यप्रक्रियाको ५(ग) सँग सम्बन्धित)

### (भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकले विभागको प्रणालीमा पठाउनु पर्ने विवरण)

करदाताले प्रयोग गरेको विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने प्रणाली वा भुक्तानी सेवा प्रदायकले निम्न बमोजिमका विवरणहरु विभागको प्रणालीमा स्वचालित रुपमा पठाउनु पर्नेछ ।

| विवरण | Data Fields | Remarks |
|---|---|---|
| करदाताको स्थायी लेखा नम्बर | Seller PAN | |
| बीजक नम्बर | Invoice Number | |
| भुक्तानी मिति | Payment Date | |
| कुल रकम | Total Amount | |
| मूल्य अभिवृद्धि कर रकम | VAT | |
| मूल्य अभिवृद्धि करको दश प्रतिशत हुन आउने रकम | 10 Percent of VAT Amount | |
| उपभोक्ता पहिचान न. | Customer Id | उपभोक्ता पहिचान नं. स्वेच्छिक रुपमा राख्न सक्ने |
| कारोबार संकेत न. | Transaction Identification No. | |